नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिरहा नेपाल

जिल्ला विपद् व्यवस्थापन समितिको (DDMC) को बैठक ;

प्रमुख जिल्ला अधिकारी प्रदीपराज कणेलज्यूको अध्यक्षतामा आज मिति २०७८/०१/०३ गते शुक्रबारका दिन शेर गण, चोहर्वामा बस्यो ।

विशेष उपस्थिति:

समन्वय प्रमुख, श्री रामचन्द्र ठाकुर, जिल्ला समन्वय समिति, सिरहा

उपस्थिति:

प्रमुख जिल्ला अधिकारी, श्री प्रदीपराज कणेल, जिल्ला प्रशासन कार्यालय, सिरहा - संयोजक

प्रमुख सेनानी, श्री जितेन्द्र कुमार गौली, शेर गण, चोहर्वा,

प्रहरी उपरक्षक, श्री सुदिपराज भण्डारी, जिल्ला प्रहरी कार्यालय, सिरहा

सशस्त्र प्रहरी उपरिक्षक, श्री दिपेन्द्र गिरी, सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण हे.क्वा.

उप.अनु. निर्देशक, श्री तुलसीराम प्रसाई, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, सिरहा

जिल्ला कार्यक्रम प्रवन्धक, श्री अशोक कुमार यादव, नेपाल रेडक्रस सोसाइटी, सिरहा

आमन्त्रित

सेनानी, श्री रोशन लामीछाने, शेर गण चोहर्वा

सेनानी, श्री ज्योती कुमार कार्की, शेर गण चोहर्वा,

सेनानी, श्री दिपेन्द्र खड्का, शेर गण चोहर्वा

बैठकको कारवाही एवम् निर्णय

१. हाल सम्म सुख्खा यामको जोखिम, आगलागीको अवस्था खास गरी मनसुन पूर्व तयारी तथा प्रतिकार्यको सन्दर्भमा नेपाली सेना, शेर गणको व्यवस्थापनमा गणको तर्फबाट विस्तृत रुपमा प्रस्तुत भयो । शेर गणमा रहेको खोज तथा उद्धार सामाग्रीको अवलोकन समेत गरियो ।

२. जिल्लाको कमला, बलान, घुर्मी, मैनावती र गागन नदी समेतको मुख्य मुख्य जोखिम विन्दुको पहिचान गरी नदी नियन्त्रण आयोजना सम्वद्ध विषयगत निकाय स्थानीय तह तथा सुरक्षा निकायहरुबाट समेत समन्वयात्मक रुपमा जोखिमयुक्त स्थानको तट बन्ध बनाउन पहल गर्ने ।

प्रमुख जिल्ला अधिकारी

३. सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण हे.क्वा., सिरहाको च.नं. १४२८ मिति २०७७/१२/३१ को प्राप्त पत्रानुसार " सशस्त्र प्रहरी बल वि.ओ.पि. गडगम्मा " स्थापनाकालागी नेपाल सरकारको नाउँमा रहेको बरियारपट्टी गा.पा. वडा नं.-४ को कित्ता नं. ५९३ को सार्वजनिक ज. वि. १-७-१ जग्गा लिज सम्झौताको लागि " सरकारी जग्गा दर्ता तथा लिजमा उपलव्ध गराउने सम्वन्धि कार्यनीति, २०७१ " बमोजिम उक्त जग्गा उपलव्ध गराई दिन अनुरोध भै आएको हुँदा सो जग्गा उपलव्ध गराउन जिल्ला सुरक्षा समितिको मिति २०७७/१२/३१ गतेको बैठकबाट समेत निर्णय भई सकेको हुँदा साथै अन्यत्र खुल्ला स्थान समेत रहेकोले सो जग्गा प्राप्तीका लागि गृह मन्त्रालयमा अनुरोध गर्ने ।

४. प्रदेश नं.२ प्रदेशस्तरीय एकीकृत प्रयोगशाला सहितको कृषि फार्म तथा अनुसन्धान केन्द्र स्थापना सम्वन्धी संलग्न अवधारणा प्रस्ताव पत्र, प्रदेश नं. २ को आ.ब. २०७७/०७८ को स्वीकृत आर्थिक तथा नीति कार्यक्रममा परेको, विभिन्न राजनीतिकर्मी, स्थानीय भद्रभलादमी समेतको उपस्थितीमा भएको स्थलगत सर्जमि मूचुल्का, समेत कागजातको आधारमा जिल्ला सिरहा न.पा. गोलबजार साविक गा.वि.स. मुक्सार अन्तर्गत रहेको नेपाल सरकारो नाममा दर्ता कायम रहेको मुकसार वडा नं. ४ (ख) को कि.नं. ३ ज.वि.०-१०-८ (नकशा चेक गर्दा ज.वि.१०-८-०) ससिम, मूकसार वार्ड नं. ४ (ख) को कि.नं. ४ ज.वि. ४५-१४-१० विगहा मध्ये पश्चिम तर्फबाट २८-०-० मूकसार वडा नं. ५ (क) को कि.नं. ११ ज.वि. ५३-०-१५ मध्ये पश्चिम तर्फबाट ३२-१५-० ज.वि. वडा नं. ७ (क) मुकसार कि.नं. ३४ ज.वि. ८३-५-१० मध्ये पश्चिम तर्फबाट ४५-१४-५ गरी जम्मा ११६-१७-५ विगहा जग्गा प्रयोगशाला सहितको कृषि फर्म तथा अनुसन्धान केन्द्र न.पा. गोलबजार सिरहामा स्थापना गर्नको लागि (लिज प्रयोजनार्थ) ती क्षेत्रमा भएको पुरातात्वीक, ऐतिहासिक, धार्मिक, सांस्कृतिक महत्वका स्थलहरुको मौलिकतामा असर नपर्ने गरी, बनजंगल संरक्षण हुने गरी र उपयोगमा आउने सार्वजनिक जग्गा वाहेक सार्वजनिक जग्गाहरु संरक्षणको सुनिचित्ता हुने गरी भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं.२ जनकपुरधाम धनुषा (सरकारी निकाय भएको) ले निशुल्क रुपमा सरकारी जग्गा दर्ता तथा लिजमा उपलव्ध गराउने सम्वन्धी कार्यनिती २०७१ (संसोधन) बमोजिम ३० (तिस) वर्षसम्म लिज प्रयोजनको लागि सो जग्गा उपलव्ध गराउन मिति २०७७/१२/३० गतेको जग्गा दर्ता तथा लिजमा उपलव्ध गराउने बैठकबाट समेत निर्णय भई साथै अन्यत्र खुल्ला स्थान समेत रहेकोले सो जग्गा उपलव्ध गराई दिन गृह मन्त्रालयमा अनुरोध गर्ने ।

५. विपद् व्यवस्थापनका लागि शेरगण चोहर्वा र सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण हे.क्वा. मा रहेका मोटर तथा रबर बोटहरुलाई मुसा/किराले काट्न सक्ने भएकोले सुरक्षित स्टोरमा भण्डारण गरी राख्नलाई लम्वाई ६ फिट, चौडाई ३ फिट र उचाई ३ फिट भएको २/२ थान गरी ४ थान टिनको बाकसको आवश्यक्ता रहेकोले सो ४ थान बाकस जिल्ला विपद् व्यवस्थापन समितिको कोषबाट खरदि गरि हस्तान्तरण गर्ने ।

६. विपद् जोखिम न्यूनीकरण गर्न सवै (१७ वटै) स्थानीय तहले खोज तथा उद्धार सामाग्री खरिद गरी नजिको सुरक्षा निकायलाई हस्तान्तरण गरी सहयोग गर्ने ।

२०७८।१।३